राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको
लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक ३८ २०८३ भदौ १० गते बुधवार (26 Aust 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## बालिका हत्या आरोपमा कान्छी आमा पक्राउ

दैनिक समाचारदाता
राजविराज, ९ भदौ । सप्तरीको शम्भुनाथ नगरपालिकामा दुई वर्षीया बालिकाको हत्या गरेको आरोपमा प्रहरीले उनकी कान्छी आमालाई पक्राउ गरेको छ। शम्भुनाथ नगरपालिका(२, कनकपट्टी टोल घर भई हाल वडा नं. ३, ट्रूफिक बजारमा बस्दै आएका मो. इरफानकी २५ वर्षीया कान्छी श्रीमती मुस्कान भनिने जास्मिन खातुनलाई प्रहरीले पक्राउ गरेको हो।

प्रहरीका अनुसार खातुनले दुई वर्षीया खुशी खातुनको हत्या गरी शव घरपछाडिको झाडीमा फालेको आरोप छ। घटनालगत्तै उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

सप्तरी प्रहरीका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेका अनुसार पक्राउ परेकी खातुनसँग सोधपुछका क्रममा उनले बालिकाको हत्या गरेको स्वीकार गरेपछि थप अनुसन्धान अघि बढाइएको छ। मृतक बालिकाकी आमा रुबिना खातुनले दिएको जाहेरीका आधारमा जिल्ला प्रहरी कार्यालय सप्तरीमा कर्तव्य ज्यानसम्बन्धी मुद्दा दर्ता गरिएको उहाँले जानकारी दिनुभयो।

पक्राउ परेकी खातुनलाई सप्तरी जिल्ला अदालतबाट भदौ ७ गतेदेखि लागू हुने गरी पाँच दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

भदौ ७ गते आइतबार बिहान भएको उक्त घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। घटनाकै दिन बालिकाको शवको पोस्टमार्टम गरी अन्तिम संस्कारका लागि उनकी आमाले बुझेर लगेको प्रहरीले जनाएको छ।

## सार्वजनिक यातायातको मर्यादित प्रयोग गरौं

- सार्वजनिक यातायातका साधनको जिम्मेवारीपूर्वक प्रयोग गरौं,
- सवारी चढ्ने र ओर्लने क्रममा सडक अनुशासन र पालोको पालना गरौं,
- ज्येष्ठ नागरिक, गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति तथा बालबालिकालाई प्राथमिकता दिऔं,
- सार्वजनिक यातायातमा धूम्रपान गर्ने, फोहोर फाल्ने तथा होहल्ला गर्ने कार्य नगरौं,
- चालक तथा सहचालकसँग सभ्य र सम्मानजनक व्यवहार गरौं,
- चालक तथा सहचालकले यात्रुसँग सभ्य र सम्मानजनक व्यवहार गरौं,
- सवारी साधनको क्षमता भन्दा बढी यात्रु नचढौं / नचढाऔं,
- ट्राफिक नियमको पालना गरी सुरक्षित यात्रामा सहयोग गरौं,
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्दै स्वच्छ र सुरक्षित यात्रा संस्कृतिको विकास गरौं ।

*अनुशासित यात्रा गरौं, सुरक्षित गन्तव्यमा पुगौं ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# गलत मेडिकल रिपोर्ट बनाएको आरोपमा दुई चिकित्सकलाई कैद

## उच्च अदालत जनकपुरधामद्वारा जनही तीन महिना कैद र २० हजार जरिवाना; चिकित्सा कानुनी प्रणाली सुधार्न निर्देशन



दैनिक समाचारदाता
जनकपुरधाम, ९ भदौ । यौनजन्य अपराधसम्बन्धी घटनामा पीडितको स्वास्थ्य परीक्षणको गलत प्रतिवेदन तयार पारेको ठहर गर्दै उच्च अदालत जनकपुरधामले दुई चिकित्सकलाई कैद तथा जरिवानाको फैसला गरेको छ ।

अदालतले डा. विजयकुमार सिंह र डा. रम्भा गोइतलाई जनही तीन महिना कैद र २० हजार रुपैयाँ जरिवाना हुने फैसला गरेको हो ।

करिब आठ वर्षअघि धनुषाको जनकनन्दिनी गाउँपालिका-४, खजुरीमा १२ वर्षीया बालिकामाथि भएको बलात्कार घटनाको स्वास्थ्य परीक्षण प्रतिवेदन विवादमा आएपछि चिकित्सकद्वयमाथि अनुसन्धान र कानुनी प्रक्रिया अघि बढेको थियो ।

घटनापछि चिकित्सकद्वयले संयुक्त रूपमा तयार पारेको मेडिकल रिपोर्टमा बालिकामाथि बलात्कार भएको कुनै लक्षण नदेखिएको उल्लेख गरिएको थियो । तर, पीडित पक्षले उक्त प्रतिवेदनप्रति असन्तुष्टि जनाएपछि प्रहरीले बालिकाको पुनः स्वास्थ्य परीक्षण जिल्ला अस्पताल, सिरहामा गराएको थियो । दोस्रो परीक्षणबाट भने बलात्कार भएको देखिने प्रतिवेदन आएको थियो ।

एउटै घटनामा दुई फरक मेडिकल रिपोर्ट आएपछि चिकित्सकद्वयको भूमिकामाथि अनुसन्धान भएको थियो । यसक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचारसम्बन्धी मुद्दा विशेष अदालतमा दायर गरेको थियो भने फौजदारी कसुरसम्बन्धी मुद्दा नेपाल सरकारका तर्फबाट अघि बढाइएको थियो ।

विशेष अदालतले यसअघि चिकित्सकद्वयलाई जनही ६ महिना कैद र २५ हजार रुपैयाँ जरिवाना हुने फैसला गरेको थियो । उक्त फैसलाविरुद्ध सिंह र गोइतले उच्च अदालत जनकपुरधाममा पुनरावेदन गरेका थिए ।

पुनरावेदनमाथि सुनुवाइ गर्दै न्यायाधीशद्वय हरिप्रसाद फुयाल र मेघराज पोखरेलको संयुक्त इजलासले असार १८ गते फैसला सुनाउँदै विशेष अदालतको फैसला केही उल्ट्याएको हो । उच्च अदालतले दुवै चिकित्सकलाई जनही तीन महिना कैद र २० हजार रुपैयाँ जरिवाना तोकेको छ ।

फैसलाअनुसार यसअघि पुर्पक्षका क्रममा थुनामा बसेको दुई दिन कैदमा गणना गरिनेछ । बाँकी कैद असुलका लागि सम्बन्धित जिल्ला अदालतमा लगत पठाउनसमेत आदेश दिइएको छ ।

यसअघि राखिएको जनही २० हजार रुपैयाँ धरौटीबाटै जरिवाना असुल गर्न पनि अदालतले आदेश दिएको छ ।

उच्च अदालतले यस प्रकरणलाई चिकित्सकको व्यक्तिगत जिम्मेवारीमा मात्र सीमित नगरी नेपालको चिकित्सा कानुनी प्रणालीको विश्वसनीयतासँग समेत जोडेको छ । अदालतले चिकित्सा कानुनी परीक्षण र त्यसबाट तयार हुने प्रतिवेदनको गुणस्तर, विश्वसनीयता तथा एकरूपता सुनिश्चित गर्न सम्बन्धित निकायलाई सुधारात्मक निर्देशन दिएको छ ।

अदालतले मधेश प्रदेश सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नेपाल मेडिकल काउन्सिल र चिकित्सा शिक्षा आयोगलाई चिकित्सा कानुनी परीक्षण प्रणालीलाई संस्थागत र व्यवस्थित बनाउन आवश्यक कदम चाल्न निर्देशन दिएको छ ।

त्यस्तै, चिकित्सा शिक्षाको पाठ्यक्रममा चिकित्सा कानुनी तथा फोरेन्सिक मेडिसिनसम्बन्धी विषयवस्तु आवश्यकताअनुसार समावेश तथा परिमार्जन गर्न, विशेषज्ञ जनशक्ति उत्पादन र व्यवस्थापनमा ध्यान दिन तथा चिकित्सकका लागि विशेष तालिम र क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्न पनि अदालतले भनेको छ ।

यौनजन्य अपराधका पीडितको स्वास्थ्य परीक्षण गर्दा प्रचलित कानुन, चिकित्सकीय आचारसंहिता र सूचित सहमतिको सिद्धान्त पालना गर्नुपर्ने अदालतको ठहर छ । वैज्ञानिक रूपमा आवश्यक र औचित्यपूर्ण परीक्षण मात्र अपनाउन तथा परीक्षणका क्रममा पीडितको गरिमा र संवेदनशीलताको संरक्षण गर्न पनि अदालतले निर्देशन दिएको छ ।


मेडिकल परीक्षण, प्रमाण संकलन, अभिलेखीकरण, प्रतिवेदन तयारी तथा संरक्षणदेखि अदालतमा विशेषज्ञ साक्षी प्रस्तुत गर्ने प्रक्रियासम्मलाई व्यवस्थित बनाउन आवश्यक मापदण्ड, कार्यविधि, निर्देशिका र प्रोटोकल निर्माण तथा कार्यान्वयन गर्नसमेत अदालतले सम्बन्धित निकायलाई निर्देशन दिएको छ ।

बलात्कारजस्ता गम्भीर फौजदारी घटनामा मेडिकल रिपोर्ट अनुसन्धान र न्यायिक प्रक्रियाको महत्वपूर्ण आधार हुने भएकाले गलत वा अविश्वसनीय प्रतिवेदनले पीडितको न्याय प्राप्तिमा गम्भीर असर पार्न सक्ने अदालतले फैसलामा औंल्याएको छ ।


यस फैसलाले नेपालमा चिकित्सा कानुनी परीक्षणको विश्वसनीयता र त्यसको संस्थागत सुधारको आवश्यकतामाथिको बहसलाई समेत थप अघि बढाएको छ ।

अब अनलाइनबाट
बुकिङ्गको सुविधा

divyaclinicjanakpur.com





- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

**दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर**
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

**नैना होस्पिटल प्रा.लि.**
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# बालअधिकार कार्यान्वयन आवश्यक

बालबालिकाको सर्वाङ्गीण विकास, अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन राज्यको आधारभूत दायित्व हो । बालबालिकाको भविष्य सुरक्षित र सक्षम बनाउन उनीहरूलाई शिक्षा, स्वास्थ्य, पोषण र विकासका अवसर उपलब्ध गराउनु मात्र पर्याप्त हुँदैन; हिंसा, शोषण, बालश्रम, बालविवाह, बेचबिखन तथा विभेदबाट समेत सुरक्षित राख्न आवश्यक छ। यसका लागि नीति, कानुन र कार्यक्रमसँगै तिनको प्रभावकारी कार्यान्वयन अपरिहार्य हुन्छ ।

जनकपुरधाममा आयोजित प्रदेशस्तरीय अभिमुखीकरण कार्यक्रमले यही आवश्यकतालाई पुनः उजागर गरेको छ। कार्यक्रममा बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना, बालबालिकामैत्री बजेट सञ्चालन तथा व्यवस्थापन कार्यविधि र राष्ट्रिय बालबालिका नीति, २०८० का विषयमा भएको छलफल सकारात्मक छ। विशेषगरी संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गरी बालअधिकार संरक्षण र प्रवर्द्धन गर्ने विषयलाई प्राथमिकता दिनु अहिलेको आवश्यकता हो।

नेपालमा बालअधिकार संरक्षणका लागि कानुनी र नीतिगत व्यवस्था पर्याप्त भए पनि कार्यान्वयन पक्ष अझै कमजोर छ। बालविवाह, बालश्रम, विद्यालयबाहिर रहेका बालबालिका, बालहिंसा र यौन शोषणका घटना अझै भइरहनु यसको प्रमाण हो। कानून बनेपछि समस्या समाधान हुन्छ भन्ने सोचबाट माथि उठेर कार्यान्वयनको प्रभावकारिता, अनुगमन र जवाफदेहितामा जोड दिनुपर्छ। कानून उल्लङ्घन गर्नेहरूलाई कारबाही र पीडित बालबालिकालाई आवश्यक संरक्षण तथा न्याय सुनिश्चित गर्न राज्य संयन्त्र संवेदनशील हुनुपर्छ।

राष्ट्रिय बालबालिका नीति, २०८० ले बालबालिकाको अधिकार, संरक्षण, विकास र सहभागितालाई प्राथमिकता दिएको विषय स्वागतयोग्य छ। जात, लिङ्ग, आर्थिक अवस्था, अपाङ्गता वा भौगोलिक अवस्थाका आधारमा हुने विभेद अन्त्य गरी समान अवसर सुनिश्चित गर्ने नीति अझ महत्वपूर्ण छ। मधेशजस्तो सामाजिक तथा आर्थिक चुनौती धेरै भएको प्रदेशमा यसको प्रभावकारी कार्यान्वयन झनै आवश्यक देखिन्छ।

त्यसैगरी डिजिटल प्रविधिको बढ्दो प्रयोगसँगै बालबालिकाको अनलाइन सुरक्षा पनि गम्भीर विषय बनेको छ। साइबर जोखिम, डिजिटल दुर्व्यवहार र अनलाइन शोषणबाट बालबालिकालाई जोगाउन अभिभावक, विद्यालय, स्थानीय तह र राज्यका सम्बन्धित निकायबीच सहकार्य आवश्यक छ। बालबालिकासम्बन्धी तथ्यांक व्यवस्थित र अद्यावधिक राख्नु पनि नीति निर्माण र कार्यक्रम प्रभावकारी बनाउन उत्तिकै महत्वपूर्ण हुन्छ।

बालमैत्री बजेटको व्यवस्था गरेर मात्र त्यसको उद्देश्य पूरा हुँदैन। बजेट वास्तविक आवश्यकता भएका क्षेत्रमा खर्च भएको छ कि छैन, लक्षित बालबालिकासम्म सेवा पुगेको छ कि छैन र त्यसको परिणाम के आयो भन्ने विषयमा नियमित अनुगमन हुनुपर्छ। संघ, प्रदेश र स्थानीय तहले आफ्नो जिम्मेवारी स्पष्ट रूपमा निर्वाह गर्दै बालबालिकालाई विकासको केन्द्रमा राख्नुपर्छ।

बालबालिका देशको भविष्य मात्र होइनन्, वर्तमानका अधिकारसम्पन्न नागरिक पनि हुन्। त्यसैले उनीहरूको आवाज सुन्ने, निर्णय प्रक्रियामा सहभागिता सुनिश्चित गर्ने र सर्वोत्तम हितलाई प्राथमिकता दिने संस्कार विकास गर्नुपर्छ। जनकपुरधामको अभिमुखीकरण कार्यक्रमले उठाएका विषयलाई छलफलमै सीमित नराखी व्यवहारमा उतार्न सके मात्र बालमैत्री समाज निर्माणको लक्ष्य सार्थक हुनेछ। अबको प्राथमिकता नीति र प्रतिबद्धताभन्दा माथि उठेर बालअधिकारको प्रभावकारी कार्यान्वयन हुनुपर्छ।

# बसाइँसराइले हराउँदै परम्परागत कृषि ज्ञान



शोभाकुमारी पौडेल

तीन दशकपछि पुनः आफ्नै खेतबारीमा काम गर्न पस्दा बाल्यकालका अनेकौं सम्झनाहरू ताजा भए। माटो उही थियो, खेत उही थियो, खेतीप्रतिको आत्मीयता पनि उस्तै थियो, तर खेती गर्ने परिस्थिति भने पूर्ण रूपमा बदलिएको रहेछ। पहिले सहज लाग्ने कृषि कर्म आज अत्यन्त कठिन, खर्चिलो र श्रमसाध्य बनेको छ।

आज नेपालको ग्रामीण क्षेत्रको सबैभन्दा ठूलो समस्या कृषि श्रमिकको अभाव हो। गाउँका अधिकांश युवा रोजगारी, शिक्षा र उज्ज्वल भविष्यको खोजीमा सहर तथा वैदेशिक रोजगारीतर्फ पलायन भएका छन्।

एक समय गाउँमा प्रचलित अर्म-पर्म (आलोपालो श्रम आदान-प्रदान) को संस्कृति विस्तारै हराउँदै गएको छ।

एकअर्काको खेतमा मिलेर काम गर्ने सामाजिक परम्परा कमजोर बन्दै जाँदा खेतीपाती सञ्चालन गर्न किसानलाई निकै कठिन भएको छ।

आज गाउँमा सीमित जनशक्ति मात्र बाँकी छ। ज्येष्ठ नागरिक, महिला तथा केही किसानले मात्र कृषि पेसा धानिरहेका छन्। समयमा जोताइ, रोपाइँ, गोडमेल र कटानी गर्न आवश्यक श्रमिक नपाउँदा धेरै उब्जाउ जमिन बाँझै रहन थालेका छन्।

किसानमा खेती गर्ने इच्छा हुँदाहुँदै पनि श्रमशक्ति अभावले कृषि उत्पादन घट्दै गएको छ।

खेती गर्न सक्ने किसानले पनि अहिले धान, मकै वा गहुँजस्ता बढी श्रम लाग्ने बालीभन्दा यसैगरी बाँझो राख्नुभन्दा केरा, कागती, सुन्तला तथा अन्य बहुवर्षीय र तुलनात्मक रूपमा कम श्रम लाग्ने बालीतर्फ आकर्षित भइरहेका छन्।

यो कृषि प्रणालीमा आएको परिवर्तन मात्र होइन, ग्रामीण समाजमा देखिएको संरचनात्मक रूपान्तरणको संकेत पनि हो।

यससँगै कृषि उत्पादनको लागत पनि उल्लेख्य रूपमा बढेको छ। मजदुरी, मल, बीउ, विषादी, सिँचाइ, ढुवानी तथा कृषि उपकरणको खर्च दिनप्रतिदिन महँगो बन्दै गएको छ।

पहिले परिवार र छिमेकीको सहयोगमा सहजै सम्पन्न हुने काम अहिले ज्याला तिरेर श्रमिक खोज्नुपर्ने अवस्था आएको छ।

श्रमिक पाइहाले पनि समयमा नपाइने समस्या उत्तिकै ठूलो छ। यसले उत्पादनको लागत मात्र बढाएको छैन, किसानको मानसिक तनावसमेत बढाएको छ।

त्यसमाथि बाँदर तथा अन्य वन्यजन्तुबाट बाली जोगाउनु किसानका लागि अर्को ठूलो चुनौती बनेको छ।

महिनौंको मेहनत केही घण्टामै नष्ट हुने अवस्था किसानले दैनिक भोगिरहेका छन्। कतिपय ठाउँमा वन्यजन्तुको डरले किसानले खेती गर्नै छाडेका छन्। उत्पादनको जोखिम बढ्दै जाने तर त्यसअनुसार आम्दानी सुनिश्चित नहुने भएपछि कृषि पेसाप्रति किसानको उत्साह घट्नु स्वाभाविक पनि हो।

यी सबै समस्या वैदेशिक रोजगारी र बसाइँसराइका सामाजिक लागतका प्रत्यक्ष उदाहरण हुन्।

वैदेशिक रोजगारीले विप्रेषणमार्फत परिवारको आय बढाएको छ, गरिबी न्यूनीकरणमा योगदान दिएको छ र जीवनस्तर सुधार्न सहयोग गरेको छ।

घर निर्माण, बालबालिकाको शिक्षा, स्वास्थ्य उपचार तथा दैनिक जीवनका आवश्यकताहरू पूरा गर्न विप्रेषणले महत्वपूर्ण भूमिका खेलेको छ। तर यसको अर्को पाटो पनि उत्तिकै गम्भीर छ।

युवाशक्ति गाउँबाट बाहिरिँदा कृषि उत्पादन घटेको छ, खेतीयोग्य जमिन बाँझो हुँदै गएको छ, परम्परागत कृषि ज्ञान हराउँदै गएको छ, सामाजिक सहकार्य कमजोर बनेको छ र खाद्यान्नमा देशको आयात निर्भरता बढ्दै गएको छ। गाउँबाट युवा बाहिरिँदा खेतमा काम गर्ने हात मात्र घटेका छैनन्, नयाँ सोच, ऊर्जा र नेतृत्व पनि गाउँबाट बाहिरिएको छ। यसले ग्रामीण समाजको जनसांख्यिक संरचनामै परिवर्तन ल्याइरहेको छ।

गाउँमा पैसा त भित्रिएको छ, तर श्रम र उत्पादनको आधार भने कमजोर बन्दै गएको छ। विदेशमा रहेका परिवारका सदस्यले पठाएको विप्रेषणले घरखर्च धान्न सहज भए पनि त्यसले गाउँमै बसेर उत्पादन गर्ने र कृषि पेसामा जोडिने प्रवृत्ति घटाएको देखिन्छ।

कतिपय परिवारमा विप्रेषणको रकम उत्पादनमूलक क्षेत्रमा लगानी हुनुभन्दा घर निर्माण, उपभोग तथा अन्य तत्कालीन आवश्यकतामा बढी खर्च हुने गरेको पाइन्छ। यसले ग्रामीण अर्थतन्त्रमा दीर्घकालीन उत्पादनको आधार निर्माण गर्न चुनौती थपेको छ।

ग्रामीण समाजमा वृद्धवृद्धा एक्लिँदै गएका छन्, विद्यालयमा विद्यार्थी संख्या घट्दै गएको छ, स्थानीय संस्कृति र सामुदायिक जीवन कमजोर बन्दै गएको छ।

पहिले खेतीपातीसँगै जोडिएका धेरै सामाजिक गतिविधि अहिले हराउँदै गएका छन्।

अर्म-पर्म, मेलापात, सामूहिक श्रम र चाडपर्वमा हुने सामुदायिक सहभागिताले गाउँको सामाजिक सम्बन्ध बलियो बनाउँथ्यो।

युवा पुस्ताको निरन्तर पलायनसँगै यस्ता परम्परा कमजोर हुँदै जानु बसाइँसराइको आर्थिकभन्दा बाहिरको सामाजिक लागत पनि हो।

कृषि पेसाप्रति नयाँ पुस्ताको आकर्षणसमेत घट्दै जानु चिन्ताको विषय हो। खेतीलाई कठिन, कम आम्दानी हुने र अनिश्चित पेसाका रूपमा हेर्ने प्रवृत्ति बढेको छ।

अर्कोतर्फ, वैदेशिक रोजगारीलाई छिटो आम्दानी गर्ने माध्यमका रूपमा हेर्ने सामाजिक सोच बलियो बन्दै गएको छ। यसले कृषि पेसालाई पुस्तान्तरण गर्न झन् कठिन बनाइरहेको छ। कृषि ज्ञान र सीप एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण नहुँदा भविष्यमा यसको असर अझ गम्भीर हुन सक्छ।

नेपालको अर्थतन्त्रमा कृषि क्षेत्र अझै पनि खाद्य सुरक्षा, रोजगारी र ग्रामीण विकासको प्रमुख आधार हो।

तर कृषि क्षेत्रमा श्रमिक अभाव, उत्पादन लागत वृद्धि, बजार व्यवस्थापनको कमजोरी, वन्यजन्तुबाट हुने क्षति तथा आधुनिक प्रविधिको सीमित प्रयोगका कारण किसान निरुत्साहित भइरहेका छन्।

उत्पादन गरेपछि उचित मूल्य नपाउने, बजारसम्म पुर्‍याउन कठिन हुने र बिचौलियाको प्रभाव रहने समस्याले पनि किसानलाई थप निराश बनाएको छ।

यस चुनौतीको समाधानका लागि सरकारले कृषि यान्त्रीकरण, आधुनिक प्रविधिको विस्तार, सिँचाइ सुविधा, कृषि बीमा, सहज बजार पहुँच, युवा लक्षित कृषि उद्यम, मूल्य सुनिश्चितता तथा व्यावसायिक कृषिलाई प्रोत्साहन गर्ने प्रभावकारी नीति अवलम्बन गर्न आवश्यक छ।

साना किसानका लागि सहुलियतपूर्ण ऋण, कृषि उपकरणमा पहुँच र स्थानीय तहमा प्राविधिक सहयोग पनि उत्तिकै आवश्यक छ।

खेतीलाई केवल जीविकोपार्जनको माध्यमका रूपमा होइन, सम्मानजनक र आम्दानीमूलक व्यवसायका रूपमा विकास गर्न सके मात्र नयाँ पुस्तालाई कृषितर्फ आकर्षित गर्न सकिन्छ।

साथै नेपालमै सम्मानजनक रोजगारी सिर्जना गरी वैदेशिक रोजगारीलाई बाध्यता होइन, विकल्प बनाउने वातावरण निर्माण गर्नु समयको आवश्यकता हो। विदेश जान चाहनेलाई रोक्ने होइन, स्वदेशमै काम गर्ने चाहना राख्नेलाई अवसर सिर्जना गर्ने नीति आवश्यक छ।

कृषि, पर्यटन, साना तथा मझौला उद्योग र स्थानीय उद्यममार्फत गाउँमै रोजगारी सिर्जना गर्न सकिएमा बसाइँसराइको दबाब पनि केही हदसम्म कम गर्न सकिन्छ।

वैदेशिक रोजगारीले आर्थिक लाभ दिएको यथार्थलाई अस्वीकार गर्न सकिँदैन। तर त्यसले सिर्जना गरेका सामाजिक लागतहरू, विशेषगरी कृषि क्षेत्रको कमजोर अवस्था, ग्रामीण जनशक्तिको अभाव, बाँझो जमिनको विस्तार र सामाजिक संरचनामा आएको परिवर्तनलाई पनि समान रूपमा नीतिगत बहसको केन्द्रमा ल्याउनुपर्छ।

विप्रेषणलाई केवल उपभोगमा सीमित नराखी उत्पादन, कृषि तथा स्थानीय उद्यममा लगानी गर्ने वातावरण बनाउन सके वैदेशिक रोजगारीबाट प्राप्त आर्थिक लाभलाई दीर्घकालीन विकाससँग जोड्न सकिन्छ।

अन्ततः वैदेशिक रोजगारी आफैँमा समस्या होइन। समस्या तब सुरु हुन्छ, जब देशको उत्पादनशील जनशक्ति निरन्तर बाहिरिन्छ र त्यसको विकल्पमा स्वदेशमा उत्पादन, रोजगारी र सामाजिक संरचना बलियो बनाउने आधार तयार हुँदैन। त्यसैले बसाइँसराइलाई केवल रोजगारी वा विप्रेषणको दृष्टिले मात्र हेर्नु पर्याप्त हुँदैन। यसका आर्थिक, सामाजिक, सांस्कृतिक र कृषि क्षेत्रमा पर्ने दीर्घकालीन प्रभावलाई पनि सँगसँगै हेर्नुपर्छ।

यदि आजै कृषि क्षेत्रलाई पुनर्जीवित गर्ने दीर्घकालीन योजना बनाइएन भने भोलिका दिनमा हामीले केवल उब्जाउ जमिन मात्र होइन, हाम्रो कृषि संस्कृति, गाउँको जीवनशैली र खाद्य आत्मनिर्भरताको आधारसमेत गुमाउने जोखिम बढ्नेछ।

गाउँमा खेत बाँझो हुनु केवल एउटा जमिनको उत्पादन रोकिएजस्तो देखिए पनि त्यससँगै एउटा परिवारको सीप, एउटा पुस्ताको ज्ञान र एउटा समुदायको जीवनशैलीसमेत हराउँदै गएको हुन सक्छ।

त्यसैले अबको बहस वैदेशिक रोजगारीबाट कति विप्रेषण भित्रियो भन्नेमा मात्र सीमित हुनु हुँदैन। कति श्रम बाहिरियो, कति जमिन बाँझियो, कति कृषि ज्ञान हरायो र गाउँको सामाजिक जीवनमा कस्तो परिवर्तन आयो भन्ने प्रश्न पनि सँगसँगै उठाउनुपर्छ। आर्थिक लाभसँगै सामाजिक लागतको पनि हिसाब राख्ने समय आएको छ।

*(लेखिका समाजशास्त्रअन्तर्गत वैदेशिक रोजगारीको सामाजिक प्रभावसम्बन्धी विषयमा विद्यावारिधि गरिरहेकी छिन् ।)*

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# वीरगञ्ज चिनी कारखाना पुनः सञ्चालनको सम्भाव्यता अध्ययन सुरु

## कार्यदलद्वारा स्थलगत निरीक्षण, १५ दिनभित्र प्रतिवेदन बुझाउने



दैनिक समाचारदाता

वीरगञ्ज ९ भदौ । लामो समयदेखि बन्द रहेको वीरगञ्ज चिनी कारखाना पुनः सञ्चालनको सम्भाव्यता अध्ययन गर्न सरकारले गठन गरेको कार्यदलले मंगलबार कारखाना परिसरको स्थलगत निरीक्षण गरेको छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले भदौ १ गते वीरगञ्ज चिनी कारखाना पुनः सञ्चालनको सम्भाव्यता अध्ययन गर्न कार्यदल गठन गरेको थियो । सोही कार्यदलले कारखाना परिसरमा पुगेर वर्तमान अवस्था, उपलब्ध संरचना तथा पुनः सञ्चालनका लागि आवश्यक पूर्वाधारबारे स्थलगत अध्ययन गरेको हो ।

मन्त्रिपरिषद्को निर्णयबाट खारेजीमा परेको वीरगञ्ज चिनी कारखानाको वर्तमान अवस्था, विगतमा भएका निर्णय, पुनः सञ्चालनका लागि यसअघि तयार गरिएका अध्ययन तथा प्रतिवेदन र अब चाल्नुपर्ने आवश्यक कदमबारे कार्यदलले अध्ययन गर्नेछ ।

स्थलगत निरीक्षणका क्रममा कारखाना परिसरमा रहेका भवन, विभिन्न संरचना, मेसिनरी, उपकरण तथा पार्टपुर्जाको अवस्थासमेत अध्ययन गरिएको छ । ती संरचनाको वर्तमान अवस्था र पुनः सञ्चालनका क्रममा तिनको उपयोग गर्न सकिने वा नसकिनेबारे पनि कार्यदलले मूल्याङ्कन गर्नेछ ।

कारखाना पुनः सञ्चालनका लागि आवश्यक पर्ने सम्भावित लगानी, संरचना मर्मत तथा पुनर्निर्माण, मेसिनरीको अवस्था र उत्पादन सञ्चालनका लागि आवश्यक पूर्वाधारलगायत विषयलाई पनि अध्ययनको दायरामा राखिएको छ ।

मन्त्रालयले गठन गरेको कार्यदलको संयोजकमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सीडीई श्रीकान्त यादव रहेका छन् । सदस्यमा मन्त्रालयकी शाखा अधिकृत ज्योति पौडेल र उद्योग मन्त्रालयका सल्लाहकार श्याम शर्मा रहेका छन् ।

कार्यदललाई अध्ययन पूरा गरी १५ दिनभित्र मन्त्रालयमा प्रतिवेदन पेस गर्ने जिम्मेवारी दिइएको छ । स्थलगत निरीक्षणसहित आवश्यक अध्ययन पूरा गरेपछि कार्यदलले वीरगञ्ज चिनी कारखाना पुनः सञ्चालन गर्न सकिने अवस्था, त्यसका लागि आवश्यक प्रक्रिया तथा सम्भावित कार्ययोजनाबारे सरकारलाई सुझाव दिनेछ ।

लामो समयदेखि बन्द रहेको कारखानाका सम्पत्ति तथा संरचना जीर्ण बन्दै गएका छन् । कारखाना पुनः सञ्चालनको विषय विगतदेखि नै चर्चामा रहे पनि ठोस निर्णय र कार्यान्वयन हुन सकेको छैन ।

पछिल्लो पटक सरकारले औपचारिक रूपमा सम्भाव्यता अध्ययनका लागि कार्यदल गठन गरेपछि कारखाना पुनः सञ्चालनको सम्भावनाबारे पुनः बहस सुरु भएको छ ।

स्थलगत निरीक्षणपछि तयार हुने कार्यदलको प्रतिवेदनले कारखाना पुनः सञ्चालनका लागि आवश्यक प्राविधिक, आर्थिक तथा व्यवस्थापकीय पक्षबारे स्पष्ट आधार दिने अपेक्षा गरिएको छ । सरकारले सोही प्रतिवेदनका आधारमा कारखाना पुनः सञ्चालनका सम्बन्धमा थप निर्णय लिनेछ ।

# लुम्बिनी सरकारका तीन मन्त्रीले लिए शपथ



दैनिक समाचारदाता

बुटवल, ९ भदौ । लुम्बिनी प्रदेश सरकारमा नवनियुक्त तीन जना मन्त्रीले मंगलबार पद तथा गोपनीयताको शपथ लिएका छन् ।

बुटवलस्थित प्रदेश प्रमुखको कार्यालयमा दिउँसो प्रदेश प्रमुख कृष्णबहादुर घर्तीमगरले नवनियुक्त मन्त्रीहरूलाई शपथ खुवाएका छन् ।

तीनै जना मन्त्री नेपाली कम्युनिस्ट पार्टी(नेकपा)का सांसद हुन् । जसमा दीपेन्द्रकुमार पुनलाई स्वास्थ्य मन्त्रालय, इन्द्रजीत थारूलाई आर्थिक मामिला तथा योजना मन्त्रालय र कृष्णा कुश्मा थारूलाई कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको जिम्मेवारी दिइएको छ ।

शपथ ग्रहण समारोहमा मुख्यमन्त्री चेतनारायण आचार्य पनि उपस्थित थिए ।

साउन १२ गते नेपाली कांग्रेसले सरकारलाई दिएको समर्थन फिर्ता लिँदै सरकारबाट बाहिरिएपछि नेकपा एमाले र नेकपाबीच सत्ता सहकार्य प्रक्रिया अघि बढेको थियो ।

यस्तै, मन्त्रिपरिषद्का अन्य सदस्यमा तुलसीप्रसाद चौधरीलाई वन, वातावरण तथा पर्यटन मन्त्रालय, रामजीप्रसाद घिमिरेलाई सामाजिक विकास मन्त्रालय, सन्तोषकुमार पाण्डेयलाई सहरी विकास, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय, रत्नबहादुर खत्रीलाई भौतिक पूर्वाधार विकास मन्त्रालय तथा भण्डारीलाल अहिरलाई आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालयको जिम्मेवारी दिने सिफारिस गरिएको छ ।

यसअघि स्वास्थ्य मन्त्रालयको जिम्मेवारीमा रहेका रामजीप्रसाद घिमिरेलाई सामाजिक विकास मन्त्रालयको जिम्मेवारी दिइएको छ । कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको जिम्मेवारीमा रहेका तुलसीप्रसाद चौधरीलाई वन, वातावरण तथा पर्यटन मन्त्रालयको जिम्मेवारी तोकिएको छ ।

यस्तै, सामाजिक विकास मन्त्रालयको जिम्मेवारी सम्हाल्दै आएका सन्तोषकुमार पाण्डेयलाई सहरी विकास, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयको जिम्मेवारी दिने प्रस्ताव गरिएको छ । वर्तमान सरकारमा नेकपा एमालेबाट मुख्यमन्त्रीसहित चार जना, नेकपाबाट तीन जना र जनता समाजवादी पार्टी, नेपालबाट दुई जना मन्त्री रहनेगरी भएको सहमतिअनुसार मन्त्रिपरिषद् पुनर्गठन गरिएको भनिएको छ ।

# राष्ट्रिय सभामा महिला समन्वय समिति गठन

## रेणु चन्द संयोजक र सम्झना देवकोटा सचिव चयन

दैनिक समाचारदाता

काठमाडौं, ९ भदौ । राष्ट्रिय सभामा महिला समन्वय समिति गठन भएको छ । समितिको संयोजकमा सांसद रेणु चन्द र सचिवमा सांसद सम्झना देवकोटा चयन भएका छन् ।

राष्ट्रिय सभा उपाध्यक्ष लिला कुमारी भण्डारीको विशेष उपस्थितिमा महिला समन्वय समिति गठन गरिएको हो । समिति गठनसँगै समितिको कार्यविधि, २०८३ समेत पारित गरिएको छ । राष्ट्रिय सभा नियमावली, २०७५ को दोस्रो संशोधनको नियम २३२ (ङ) बमोजिम गत जेठ १७ गते समिति गठन गरिएको हो ।



समितिले संविधान र कानुनप्रदत्त महिला अधिकार सुनिश्चित गर्न तथा लैंगिक समानता र सामाजिक न्यायका लागि प्रभावकारी भूमिका निर्वाह गर्ने उद्देश्य राखेको छ ।

समितिले लैंगिक सवालमा एकीकृत धारणा निर्माण गर्ने, अध्ययन तथा अनुसन्धान गर्ने, क्षमता अभिवृद्धि गर्ने र संघ, प्रदेश तथा स्थानीय तहसँग समन्वय गर्ने लगायतका कार्य गर्नेछ ।

समिति बढीमा नौ सदस्यीय रहनेछ । संयोजक र सचिव हरेक वर्ष चयन गर्ने व्यवस्था गरिएको छ ।

# 'अदालत सेटिङ'को प्रचारप्रति कांग्रेस नेता खड्काको आपत्ति

दैनिक समाचारदाता

काठमाडौं, ९ भदौ । नेपाली कांग्रेसका नेता दीपक खड्काले पार्टीको आन्तरिक जीवनमा भएका अन्यायपूर्ण घटनामा न्याय खोज्न आफू सर्वोच्च अदालत पुगेको बताएका छन् ।

मंगलबार फेसबुकमार्फत उनले सर्वोच्चमा मुद्दा दर्ता गरेपछि आफू र केही व्यक्तिको नाम जोडेर 'अदालत सेटिङ' गरिएको भन्दै प्रचार भइरहेको भन्दै आपत्ति जनाएका छन् ।

अदालतमा न्याय माग्न पुगेको विषयलाई लिएर स्वतन्त्र न्यायपालिकाप्रति अविश्वास पैदा गर्ने उद्देश्यले आफूलाई समेत जोडेर 'अदालत सेटिङ' गरिएको भन्दै नियोजित प्रचार भइरहेको खड्काको आरोप छ ।

'न्याय खोज्दा उल्टै स्वतन्त्र न्यायपालिकाको मानमर्दन हुने, अविश्वास पैदा गर्ने उद्देश्यले केही व्यक्ति तथा समूहले नियोजित रूपमा अदालत सेटिङ गरेको भन्दै मेरो समेत नाम जोडेर गरिएको प्रचारप्रति गम्भीर ध्यानाकर्षण भएको छ,' उनले भनेका छन् ।

खड्काले उक्त प्रचारलाई 'कुप्रचार'को संज्ञा दिँदै अदालतको गरिमा घटाउने योजनाबद्ध खेलप्रति खेदसमेत व्यक्त गरेका छन् । उनले सञ्चारमाध्यमलाई समेत यस्ता प्रचारप्रति सचेत रहन आग्रह गरेका छन् ।

आफू न्याय र स्वतन्त्रताका लागि लडेको 'एक सिपाही' भएको उल्लेख गर्दै खड्काले सबै अदालतप्रति उत्तिकै विश्वास र भरोसा रहेको बताएका छन् । उनले सर्वोच्च अदालतबाट न्याय प्राप्त हुनेमा आफू पूर्ण विश्वस्त रहेकोसमेत बताएका छन् ।

यसअघि कांग्रेसकी केन्द्रीय सदस्य कुसुम थापामगरले नेता खड्काले अदालतलाई मिलाइसकेको भनि अभिव्यक्ति दिएको दाबी गरेकी थिइन् । अदालतमा विचाराधिन रहेको प्रसंगमा कांग्रेस नेताले खड्काले आफूहरूको पक्षमा आदेश आउने अभिव्यक्ति दिएको केन्द्रीय सदस्य थापामगरको दाबी छ ।

खड्काले कतै बोलेको भन्दै थापामगरले सामाजिक सञ्जालमा लेखेकी थिइन्, 'केही समययता तपाईंले 'पहिला म जेलमा भएको बेला परेकाले उनीहरूले आधिकारिकता पाएका हुन्, नत्र म मेरो मुद्दाजस्तै सेटिङ गर्थें । अब योपालि त्यस्तो हुन नदिन मिलाइसकें, फलानी-फलानो श्रीमानलाई राति भेटेको छु, उनीहरूका मान्छे भेटिसकें, स्टे पनि आउँछ, आधिकारिकता पनि आउँछ' भन्नुभएको रहेछ कहीं कतै ।'

नेत थापामगरले खड्कालाई अदालतका 'कर्मचारीदेखि श्रीमानसम्म' मिलाएको छ भन्दै नहिँड्न पनि सुझाएकी थिइन् ।

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# प्रचण्डसँग असन्तुष्ट सांसदको भेट, शक्ति बाँडफाँडमा दबाब

## ८ सांसदको माग-आठभन्दा बढी मन्त्रालय नबढाउनुपर्ने, नेकपालाई तीन मन्त्रालय र सभामुख

दैनिक समाचारदाता

हेटौंडा ९ भदौ । बागमती प्रदेशमा सत्तारूढ नेपाली कम्युनिस्ट पार्टी (नेकपा)भित्र असन्तुष्ट रहेका सांसदहरूले मंगलबार काठमाडौंमा पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सँग भेट गरी सत्ता साझेदारी, मन्त्रालय बाँडफाँड, सरकार सञ्चालन र स्थायित्वबारे छलफल गरेका छन् ।

नेकपा बागमती प्रदेश संसदीय दलका उपनेता कृष्णप्रसाद शर्मा खनाल, गंगानारायण श्रेष्ठसहित आठ सांसदले अध्यक्ष प्रचण्डसँग भेट गरेका हुन् । भेटमा उनीहरूले राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)सँग सत्ता साझेदारी गरेर सरकार गठन गर्नुपर्ने अवस्था, सरकार सञ्चालनको विधि र यसको स्थायित्वबारे प्रश्न उठाएका थिए ।

प्रचण्डसँगको भेटपछि अनलाइनखबरसँग कुरा गर्दै उपनेता खनालले विगतमा सत्ता खेलमा लागेर सरकार बनाउने र गिराउने काम गर्दा समस्या उत्पन्न भएको भन्दै पुनः त्यही बाटोमा हिँड्नुको औचित्यबारे अध्यक्षसँग प्रश्न गरिएको बताए ।

'सत्ता खेलमा लागेर सरकार बनाउने र गिराउने काममा हामी पनि लाग्यौं । यसले बिग्रिएको भन्ने छ । त्यही खेलमा लाग्दा के फाइदा पुग्यो भनेर प्रचण्ड कमरेडलाई सोधेका छौं,' खनालले भने ।

असन्तुष्ट सांसदहरूले बागमतीमा आठभन्दा बढी मन्त्रालय बनाउन नहुने र त्यसैभित्रबाट नेकपाले तीन मन्त्रालय तथा सभामुखको जिम्मेवारी पाउनुपर्ने माग अध्यक्ष प्रचण्डसमक्ष राखेका छन् । सत्ता साझेदारीमा नेकपाको हैसियतअनुसार शक्ति बाँडफाँड हुनुपर्नेमा उनीहरूले जोड दिएका छन् ।

'आठ वटा मन्त्रालयभन्दा बढी बनाउन नपाउने तर तीन वटा मन्त्रालय र सभामुख नेकपाले लिनुपर्ने भनेर माग राखेका छौं । उहाँले हुन्छ भन्नुभएको छ,' खनालले भने ।

राप्रपासँग सत्ता साझेदारी गर्दा नेकपाको तुलनात्मक रूपमा कमजोर हैसियत हुने गरी शक्ति बाँडफाँड गरिएको भन्दै असन्तुष्ट सांसदहरूले आपत्ति जनाएका छन् । मन्त्रालय बाँडफाँडमा एमालेले मुख्यमन्त्रीसहित दुई, नेकपाले सभामुखसहित दुई र राप्रपाले तीन मन्त्रालय पाएका छन् । नेकपाबाट एक मन्त्री नियुक्त हुन बाँकी छ । असन्तुष्ट सांसदहरूले भने थप दुई मन्त्री नियुक्त गर्नुपर्ने माग गरेका छन् ।

उनीहरूले पार्टी अध्यक्ष प्रचण्डलाई संसदीय दलका नेता, उपनेता तथा प्रमुख नेताहरूलाई बोलाएर साझा सहमतिमा प्रदेशको शक्ति बाँडफाँड टुंग्याउन आग्रह गरेका छन् ।

सांसद गंगानारायण श्रेष्ठनिकट स्रोतका अनुसार असन्तुष्ट सांसदहरूले मुख्यमन्त्री किरण थापा मगरलाई विश्वासको मत दिने निर्णय गरेका छन् । उनीहरू मंगलबार नै हेटौंडा फर्किने तयारीमा छन् । विश्वासको मतपछि प्रदेशमा सत्ता साझेदारी र शक्ति



बाँडफाँडबारे संयुक्त रूपमा छलफल गर्ने प्रतिबद्धता पनि अध्यक्ष प्रचण्डले जनाएको स्रोतको भनाइ छ ।

'मुख्यमन्त्रीको विश्वासको मतपछि संयुक्त रूपमा बसेर छलफल गर्ने प्रतिबद्धता अध्यक्षज्यूले जनाउनुभएको छ,' स्रोतले भन्यो ।

यसअघि नेकपाका संसदीय दलका नेता शालिकराम जम्कट्टेलले तत्कालीन नेकपा माओवादी केन्द्रकै शैलीमा एकलौटी निर्णय गरेको, पार्टीभित्र पर्याप्त छलफल नगरेको तथा अवसर बाँडफाँडमा पूर्वमाओवादी पृष्ठभूमिका नेताहरूलाई प्राथमिकता दिएको भन्दै केही सांसद असन्तुष्ट बनेका थिए ।

सोमबार मुख्यमन्त्री थापाले विश्वासको मत लिने तयारी गरेको प्रदेशसभा बैठकमा संसदीय दलका उपनेता खनाल, मुख्यमन्त्रीका दावेदार श्रेष्ठसहित केही सांसद अनुपस्थित भएपछि नेकपाभित्रको विवाद सतहमा आएको थियो । सोमबार दिउँसो १ बजेदेखि बेलुका ८ बजेसम्म तीन पटक बैठक सार्दा पनि प्रदेशसभा बैठक बस्न सकेको थिएन । नेकपाभित्र रिक्त सभामुख पद र सरकारमा बाँकी रहेको एक मन्त्री पदलाई लिएर पनि प्रतिस्पर्धा छ । सभामुखका लागि खनाल र श्रेष्ठसहित नेकपाका केही सांसदले दाबी गरेका छन् । यसअघि रत्नप्रसाद ढकालको नाम पनि सभामुखका लागि चर्चामा आएको थियो । ढकाल संसदीय दलका नेता जम्कट्टेलनिकट मानिन्छन् ।

यस्तै, सरकारमा नेकपाले पाएका दुई मन्त्रालयमध्ये आर्थिक मामिला तथा योजना मन्त्रालयमा पूर्वमाओवादी पृष्ठभूमिका सरल सहयात्री पौडेललाई पठाइसकिएको छ । बाँकी एक मन्त्रीका लागि भने पूर्वएकीकृत समाजवादी पृष्ठभूमिका सांसदलाई पठाउनुपर्ने दबाव पार्टीभित्र छ । जम्कट्टेलले रमा आले मगरलाई मन्त्री बनाउन चाहेको सांसदहरूको दाबी छ ।

बागमती प्रदेशमा राप्रपाभित्रको विवादसमेत चर्किरहेका बेला नेकपाका असन्तुष्ट सांसदबीच भएको पछिल्लो छलफलले सत्ता गठबन्धनभित्रको शक्ति सन्तुलनको विषयलाई थप पेचिलो बनाएको छ । १०४ सदस्यीय बागमती प्रदेशसभामा मुख्यमन्त्री थापाले विश्वासको मत प्राप्त गर्न कम्तीमा ५३ सांसदको समर्थन आवश्यक छ । नेकपाका असन्तुष्ट सांसदहरूले विश्वासको मत दिने निर्णय गरेसँगै तत्कालका लागि मुख्यमन्त्री थापाको विश्वासको मतसम्बन्धी संकट केही टरेको छ । तर, सरकार सञ्चालन, मन्त्रालय बाँडफाँड र शक्ति सन्तुलनको विवाद भने अझै टुंगिएको छैन ।

## सर्पदंशबाट ११ वर्षीय बालकको मृत्यु

दैनिक समाचारदाता

सिरहा, ९ भदौ । सिरहाको भगवानपुर गाउँपालिका-२, गमहरियाका ११ वर्षीय बालक प्रियांसु भगतको सर्पदंशबाट मृत्यु भएको छ ।

गत भदौ ३ गते राति घरमै सुतिरहेका बेला प्रियांसु र उनका आठ वर्षीय भाइ दिव्यांशु भगतलाई सर्पले डसेको थियो । प्रियांसुको कान र दिव्यांशुको खुट्टामा सर्पले डसेपछि दुवैलाई तत्काल उपचारका लागि लहानस्थित रामकुमार शारदा उमाप्रसाद मुरारका प्रादेशिक अस्पताल लगिएको थियो । लहानमा प्रारम्भिक उपचारपछि दुवैलाई थप उपचारका लागि विराटनगर रेफर गरिएको थियो । उपचारकै क्रममा प्रियांसुको अवस्था गम्भीर बन्दै गएपछि सोमबार साँझ करिब ६ बजे मृत्यु भएको परिवारले जनाएको छ ।

परिवारका अनुसार आर्थिक अवस्था कमजोर रहेकाले दुवै बालकको उपचारका लागि गाउँदेखि सामाजिक सञ्जालसम्म सहयोग अभियान सञ्चालन गरिएको थियो । सर्पदंशपछि उपचारका लागि लहान लगिएका बालकलाई एन्टिस्नेक भेनम पर्याप्त नभएको भन्दै विराटनगर रेफर गरिएको परिवारको दाबी छ । अस्पतालले भने एन्टिस्नेक भेनम दिएरै बिरामीलाई विराटनगर पठाइएको जनाएको छ ।

प्रियांसुका भाइ दिव्यांशुको स्वास्थ्य अवस्था भने सुधारोन्मुख रहेको र उनलाई सोमबार नै विराटनगरबाट घर ल्याइएको परिवारले जनाएको छ ।

प्रियांसु स्थानीय बालासुन्दरी माध्यमिक विद्यालयमा कक्षा ८ र दिव्यांशु कक्षा ४ मा अध्ययनरत थिए ।

उनीहरूका बुवा भारतको दिल्लीमा मजदुरी गर्दै आएका छन् । दुई छोरालाई सर्पले डसेको खबर पाएपछि उनी भदौ ४ गते घर फर्किएका थिए ।

बालकको मृत्यु भएपछि स्थानीयवासीले जिल्लाको स्वास्थ्य संस्थामा पर्याप्त एन्टिस्नेक भेनम, आवश्यक औषधि तथा सर्पदंशको प्रभावकारी उपचार सेवा उपलब्ध गराउन माग गरेका छन् ।

## भण्डारीको सदस्यता विवाद पनि पराजयको कारण




दैनिक समाचारदाता

काठमाडौं, ९ भदौ । नेकपा (एमाले) को पार्टी पुनर्गठन सुझाव संकलन कार्यदलले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको पार्टी सदस्यता सम्बन्धी विवादलाई पनि निर्वाचनमा पार्टीले बेहोरेको पराजयको एक कारण मानेको छ।

महासचिव शंकर पोखरेलले तयार गरी कार्यदलका संयोजक रामबहादुर थापालाई बुझाएको प्रतिवेदनमा एमालेले पराजय बेहोर्नुका छ कारण उल्लेख गरिएको छ। तीमध्ये पार्टीभित्रको आन्तरिक समस्या पनि एक कारणका रूपमा राखिएको छ।

प्रतिवेदनमा आन्तरिक समस्याको पहिलो बुँदामै पूर्वराष्ट्रपति भण्डारीको सदस्यता विवाद उल्लेख गरिएको छ। प्रतिवेदनमा भनिएको छ, 'पूर्वराष्ट्रपतिको पार्टी सदस्यता नवीकरणसम्बन्धी विवादले पार्टी पङ्क्तिलाई विभाजित बनाउन पुग्यो।'

एमालेकी पूर्वउपाध्यक्षसमेत रहेकी भण्डारीको पार्टी सदस्यता नवीकरण नगर्ने निर्णय विवादित बनेको थियो। पार्टीभित्रकै ठूलो पङ्क्तिले सदस्यता नवीकरण नगर्ने निर्णयलाई गलत ठहर गरेको थियो। सदस्यता नवीकरण नभएपछि भण्डारीले पार्टीको ११औं महाधिवेशनमा सहभागी हुन पाएकी थिइनन्। तर, उनको समर्थनमा तत्कालीन वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले छुट्टै समूह बनाएर ११औं महाधिवेशनमा चुनाव लडेका थिए। प्रतिवेदनले यसलाई पनि एमालेको चुनावी पराजयको एक कारण मानेको छ। प्रतिवेदनमा भनिएको छ, 'निर्वाचनको संघारमा पार्टीको ११औं महाधिवेशनमा प्यानल नै बनाएर प्रतिस्पर्धा गरिएका कारण तल्लो तहसम्म सांगठनिक किलाकाट र गुटबन्दी विस्तार हुन पुग्यो।'

## जसपाका तीन सांसदलाई पुनः स्पष्टीकरण

दैनिक समाचारदाता

काठमाडौं, ९ भदौ । जनता समाजवादी पार्टी (जसपा) ले लुम्बिनी प्रदेश सभाका आफ्ना तीन सांसदलाई पुनः स्पष्टीकरण सोधेको छ। पार्टीका महासचिव डा. सुरेन्द्रकुमार झाले सांसदहरू सन्तोषकुमार पाण्डेय, हेमा बेल्वासे (केसी) र भण्डारीलाल अहिरलाई पुनः स्पष्टीकरण पेस गर्न पत्राचार गर्नुभएको हो। पार्टीले लुम्बिनी प्रदेशको वर्तमान सरकारलाई समर्थन नगर्ने निर्णय गरेको भए पनि त्यसविपरीत सरकारको पक्षमा मतदान गरी पार्टी अनुशासन उल्लङ्घन गरेको भन्दै सात दिनभित्र स्पष्टीकरण पेस गर्न निर्देशन दिइएको छ।

यसअघि प्राप्त स्पष्टीकरण अध्ययन गर्दा पार्टीको नीति, निर्णय तथा निर्देशनको भावनासँग मेल नखाने र उठाइएका प्रश्नको चित्तबुझ्दो तथा सन्तोषजनक जवाफ प्राप्त नभएको जसपाले जनाएको छ।


जसपाले पुनः पठाएको स्पष्टीकरण पत्रमा तीनवटा प्रश्नको जवाफ दिन सांसदहरूलाई निर्देशन दिएको छ।







अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४